# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, मार्ग ११ गते २०३० साल [संख्या ३२

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ट्रलीबसलाई वर्कशप, बाटो र बस टर्मिनलका निमित्त थप जग्गा तथा पावर स्टेशनका निमित्त नयाँ जग्गाको लागि वाग्मती अञ्चल, भक्तपुर तथा काठमाडौं जिल्लाका निम्नलिखित पञ्चायत अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

२. काठमाडौं, भीमसेन गोला पञ्चायत वडा नं. ५ (क) को:-

पूर्व गोरेटो, पश्चिम कि. नं. १०५ र १२३ को बाँकी जग्गा, उत्तर कि. नं. ११५, ११६, ११७ र १०५ को बाँकी जग्गा, दक्षिण यस आयोजनाले अधिग्रहण गरिसकेको कि. नं. १२६,१२८,१२७,११८,११९,१२०,१२१,१२२ को जग्गा र कि.नं. १२३ कै बाँकी जग्गा यति चार किल्ला भित्रको कि. नं ११५ बाट ०-४-२, कि. नं. ११६ बाट ०-२-२, कि.नं. ११७ बाट ०-२-०, कि. नं. १०५ बाट ०-६-२ र कि. नं. १२३ बाट ०-०-२ समेत जम्मा मालपोत रु ३।२३ (तीन रूपैयाँ तेईस पैसा) लाग्ने जम्मा जग्गा रोपनी १-३-० (एकरोपनी तीन आना) को कित्ता एक - - - - - - - - - - १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२९

२. काठमाडौं, भीमसेन गोला पञ्चायय वडा नं. ५ (क) को:-

पूर्व कि. नं. १८१,१८५,१८६ को बाँकी जग्गा, पश्चिम सडक विभागको वर्कशप, उत्तर कि. नं. १८६ को बाँकी जग्गा, दक्षिण कि. नं.२६७ को बाँकी जग्गा यति चार किल्लाभित्रको कि. नं, १८१ बाट ०-४-१, कि. नं. १८५ बाट ०-१-३, कि. नं. १८६ बाट ०-२-१ र कि. नं. २६७ बाट ०-२-१ समेत जम्मा मालपोत रू. २।४० (दुई रूपैयाँ चालीस पैसा) लाग्ने जम्मा जग्गा रोपनी ०-१०-२ (दश आना दुई पैसा) को कित्ता एक – – – – – – – १

३. भक्तपुर, कटुञ्जे पञ्चायत वडा नं. ८ (ख) १ को:-

पूर्व सडक, पश्चिम कि. नं. ८० को बाँकी जग्गा, उत्तर अरनीको राजमार्ग र यस आयोजनाले अधिग्रहण गरिसकेको कि. नं. ८१ र ८२ को जग्गा, दक्षिण कि. नं. ८०, ८३,८४ को बाँकी जग्गा यति चार किल्लाभित्रको कि.नं. ८० बाट ०-१४-०, कि.नं. ८३ बाट ०-६-० र कि. नं. ८४ बाट ०-१-२ समेत जम्मा मालपोत रू. ५।२६ (पाँच रूपैयाँ छब्बीस पैसा) लाग्ने जम्मा जग्गा रोपनी १-५-२ (एक रोपनी पाँच आना दुई पैसा) को कित्ता एक – – – – १

४. भक्तपुर बालकुमारी पञ्चायत वडा नं. ६ को :-

पूर्व कि. नं. १२०,१२३ को बाँकी जग्गा, पश्चिम कि. नं. ११६,११७,११८.को जग्गा उत्तर कि. नं. १३१,१३२,१३३,१३४ को जग्गा, दक्षिण वडा नं. ३ को सिमाना यति चार किल्लाभित्रको कि. नं. ११८ बाट १-१-०, कि. नं. १२० बाट ०-४-२ कि. नं. १२३ बाट ०-८-०, कि. नं. ६४३ बाट ०-२-० र कि. नं. ६४६ बाट ०-२-० समेत जम्मा मालपोत रू. ६।११ (छ रूपैयाँ एघार पैसा) लाग्ने जम्मा जग्गा रोपनी २-१-२ (दुई रोपनी एक आना दुई पैसा) को कित्ता एक – – १

५. भक्तपुर, बालकुमारी पञ्चायत वडा नं. ३ को .-

पूर्व कि. नं. ४५,६४,३११,३२६ को बाँकी जग्गा, पश्चिम कि. नं. ४३,४४,३११, ३२६ कै बाँकी जग्गा, उत्तर वडा नं. ६ को सिमाना, दक्षिण अरनीको राजमार्ग यति चार किल्लाभित्रको कि. नं. ४३ बाट ०-०-२, कि. नं. ४४ बाट ०-४-०, कि. नं. ४५ बाट ०-३-०, कि. नं. ६४ बाट ०-१-०, कि. नं. ३११ बाट ०-३-२ र कि. नं. ३२६ बाट ०-६-२ समेत जम्मा मालपोत रू. २।०८ (दुई रूपैयाँ आठ पैसा) लाग्ने जम्मा जग्गा रोपनी १-२-२ (एक रोपनी दुई आना दुई पैसा) को कित्ता एक – – १

आज्ञाले-
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।